## सुरक्षित गर्भपतन सेवा भनेको के हो ?

सुरक्षित गर्भपतन सेवा भन्नाले नेपाल सरकारले मान्यता दिएको स्वास्थ्य संस्थामा सुरक्षित गर्भपतन सेवा प्रदान गर्न सरकारबाट अनुमति पाएका अर्थात सूचिकृत दक्ष स्वास्थ्यकर्मीद्वारा गराइने गर्भपतन सेवालाई बुझ्नाउँछ ।

## औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन (Medical Abortion) भनेको के हो ?

यस विधिमा तालिमप्राप्त दक्ष स्वास्थ्यकर्मीद्वारा भरपर्दो र प्रमाणित औषधिद्वारा सुरक्षित रूपमा गर्भपतन गराइन्छ ।
यस विधिद्वारा ९ हप्ता (६३ दिन) भित्रको गर्भलाई मात्र सुरक्षित रूपमा गर्भपतन गर्न सकिन्छ ।




## औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन (Medical Abortion) कसरी गरिन्छ ?

औषधिद्वारा गर्भपतन गर्नुभन्दा पहिले तालिमप्राप्त स्वास्थ्यकर्मीले महिलाको शारीरिक जाँच गर्दछन् । शारीरिक जाँचबाट औषधिको प्रयोगद्वारा गर्भपतन गराउन मिल्ने भएमा मात्र पहिले महिलालाई एक चक्की औषधि खान दिइन्छ र औषधि खाएको दोस्रो दिनमा (२४ घण्टामा) चार चक्की औषधि महिलाको इच्छाअनुसार योनिमा अथवा जिब्रो मुनि राखिन्छ ।



पहिलो दिन




दोस्रो दिन (२४ घण्टा पछि)

महिलाले चाहेमा यो चार चक्की औषधि स्वास्थ्य संस्था बाहिर वा घरमा लगेर पनि राख्न सक्छिन् । औषधि योनिमा अथवा जिब्रो मुनि राख्ने तरिका दक्ष स्वास्थ्यकर्मीले सिकाइदिन्छन् । तर, महिला आफैंले औषधि राख्न नचाहेमा वा नसक्ने भएमा पहिलो चक्की औषधि खाएको भोलिपल्ट (२४ घण्टामा) स्वास्थ्य संस्थामा आउनु पर्छ र स्वास्थ्यकर्मीले नै औषधि राखिदिनेछन् ।

## चार चक्की औषधि जिब्रो मुनि राख्ने तरिका :




१. प्याकेटबाट ४ चक्की औषधि निकाल्ने
२. यी ४ चक्कीऔषधिलाई १-१ गरेर जिब्रो मुनि राख्ने
३. आधा घण्टासम्म मुख बन्द गरी बस्ने
४. जिब्रो मुनि बाँकी रहन गएको औषधिको अंशलाई पानीले निल्ने

**अथवा**

## चार चक्की औषधि योनिमा राख्ने तरिका :




१. पिसाब फेरेर साबुन पानीले योनी धुने ।
२. साबुन पानीले हात धुने ।
३. प्याकेटबाट ४ चक्की औषधि निकाल्ने ।
४. यी ४ चक्की औषधिलाई योनीको भित्रसम्म १-१ गरी पालैपालो राख्ने ।




४ चक्की औषधि राखिसकेपछि आधा घण्टासम्म आराम गरी बस्ने ।

## चार चक्की औषधि राखिसकेपछि महिलालाई के के हुनुपर्छ ?

- महिनावारीमा जस्तै तल्लो पेट दुख्छ
- तर कोही-कोही महिलालाई तल्लो पेट बढी दुख्न सक्छ । यस्तो भएमा एक चक्की ब्रुफिन खान सकिन्छ ।
- महिनावारीमा जस्तै रगत बग्छ ।

## यो औषधि प्रयोग गरेपछि कुनै कुनै महिलालाई कहिले काहीं निम्न लक्षणहरू देखापर्न सक्छन्

- टाउको दुख्ने
- हल्का ज्वरो आउने
- वाकवाकी लाग्ने
- वान्ता हुने
- पखाला लाग्ने

यदि माथिका लक्षणहरू देखिएमा पानी वा अन्य झोलीलो पदार्थ धेरै पिउनु पर्दछ र तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क राख्नुपर्दछ ।

## औषधिको प्रयोगद्वारा सुरक्षित गर्भपतन गराएपछि कुन कुन अवस्थामा महिलाले स्वास्थ्य संस्थामा सम्पर्क राख्नुपर्दछ ?

- औषधि प्रयोग गरेपछि एक घण्टामा २ वटा टालो वा प्याड भिज्ने गरी रगत बगेमा ।
- १०० डिग्री भन्दा बढी ज्वरो आएमा ।

यदि माथिका लक्षणहरू देखिएमा पानी वा अन्य झोलीलो पदार्थ धेरै पिउनु पर्दछ र तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क राख्नुपर्दछ ।

## औषधिको प्रयोगद्वारा सुरक्षित गर्भपतन गरिसकेपछि के महिला स्वास्थ्य संस्थामा जँचाउन जानैपर्छ ?

पहिलो मात्रा १ चक्की औषधि खाएको १४ औं दिन (२ हप्ता) मा स्वास्थ्य संस्थामा अनिवार्य रूपमा जँचाउन जानु पर्दछ। तर यसबीचमा आवश्यक परेमा कुनै पनि समयमा सम्बन्धित सेवा प्रदायकलाई सम्पर्क गरी सल्लाह वा सेवा लिन सकिन्छ।



१४औं
दिनमा
स्वास्थ्य संस्थामा अनिवार्य जँचाउन आउनु पर्दछ।

## सुरक्षित गर्भपतन सेवा पश्चात् तुरुन्तै महिलाले रोजेअनुसारको परिवार नियोजनका साधनहरूको प्रयोग गर्नुपर्दछ।

## औषधिको प्रयोगद्वारा सुरक्षित गर्भपतन सेवा कहाँ र कोबाट पाइन्छ ?

तालिमप्राप्त स्वास्थ्यकर्मीद्वारा सूचिकृत स्वास्थ्य संस्थामा मात्र यो सेवा उपलब्ध हुन्छ। जथाभावी औषधि प्रयोग गरी गर्भपतन गर्न खोज्दा महिलाको स्वास्थ्यमा गम्भीर खतरा हुनसक्छ र ज्यानै जान पनि सक्छ।



सुरक्षित गर्भपतन सेवा

**याद गर्नुहोस्, यस्तो लोगो राखिएको स्वास्थ्य संस्थामा मात्र सुरक्षित गर्भपतन सेवा प्रदान गरिन्छ।**

औषधिको प्रयोगद्वारा सुरक्षित गर्भपतन बारे थप जानकारी चाहिएमा सुरक्षित गर्भपतन सेवा दिने नजिकको स्वास्थ्य संस्थामा गएर स्वास्थ्यकर्मीसँग जानकारी लिन सकिन्छ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा र राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
२०६९/०७०

सुरक्षित गर्भपतन सेवा

# औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतनबारे जानकारी